सभावाट स्वीकृत मिति : २०७८।०३।०८

# आर्थिक ऐन, २०७८

## मरिण गाउँपालिका

### कपिलाकोट, सिन्धुली

वागमती प्रदेश, नेपाल

**प्रस्तावना:**

मरिण गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम,

मरिण गाउँसभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धी ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि मरिण गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "ऐन" भन्नाले मरिण गाउँपालिकाको आर्थिक ऐन, २०७८ सम्झनुपर्छ।

ख. "कार्यपालिका" भन्नाले मरिण गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

ग. "गाउँपालिका" भन्नाले मरिण गाउँपालिकालाई सम्झनुपर्दछ।

घ. "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनुपर्दछ।

ङ. "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्दछ।

च. "सभा" भन्नाले मरिण गाउँपालिकाको सभा सम्झनुपर्छ।

छ. "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. **सम्पत्ति कर:** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर / घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

४. **भुमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भूमीकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

५. **घर वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा वहाल कर लगाईने र असुल गरिनेछ।

६. **व्यवसाय कर:** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

७. **बहाल बरौटी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (५) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ।

८. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (६) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

९. **सडक मर्मत सम्भार शुल्कः** गाउँपालिकाको अधिकार क्षेत्रभित्रको सडक उपभोग गरेवापत कुनै सवारी साधनलाई अनुसूची (७) बमोजिम सडक मर्मत सम्भार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **जडिबुटी, कवाडी र जिवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (८) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुचि (९) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. **विक्रि आय:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणवाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, बालुवा एवं माटोजन्य बस्तु प्रदेश सरकारले तोकिदिएको दरमा विक्रि गर्न सक्नेछ ।

१३. **सामुदायिक वनबाट प्राप्त आय :** (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपभोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिकावाट स्वीकृत गराउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम बन पैदावारको बिक्रि बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१४. **कर छुट नहुने :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ।

| अनुसूची - १ | | | | |
|---|---|---|---|---|
| **सम्पत्ति करको दर** | | | | |
| क्र.सं. | विवरण | इकाइ | यस आ.व. ०७७/०७८ | यस आ.व. ०७८/०७९ |
| १ | ५ लाख सम्मको मूल्याङ्कनमा | बार्षिक | एकमुष्ठ रु. ५०।- | एकमुष्ठ रु. ५०।- |
| २ | पाँच लाख १ रुपैया देखी ५० लाख रुपैया सम्मको मूल्याङ्नमा | बार्षिक | प्रतिलाख रु. १०।- | प्रतिलाख रु. १०।- |
| ३ | ५० लाख १ रुपैया देखि १ करोड सम्मको मूल्याङ्नमा | बार्षिक | प्रतिलाख रु. २०।- | प्रतिलाख रु. २०।- |
| ४ | १ करोड १ रुपैया देखि २ करोड रुपैया सम्मको मूल्याङ्नमा | बार्षिक | प्रतिलाख रु २५।- | प्रतिलाख रु २५।- |
| ५ | २ करोड १ रुपैया देखि ३ करोड रुपैया सम्मको मूल्याङ्नमा | बार्षिक | प्रतिलाख रु ३०।- | प्रतिलाख रु ३०।- |
| ६ | ३ करोड १ रुपैया देखि ५ करोड रुपैया सम्मको मूल्याङ्नमा | बार्षिक | प्रतिलाख रु ४५।- | प्रतिलाख रु ४५।- |
| ७ | ५ करोड १ रुपैया देखि माथी | बार्षिक | प्रतिलाख रु ५०।- | प्रतिलाख रु ५०।- |

| अनुसूची - २ | | | |
|---|---|---|---|
| **मालपोत** | | | |
| सि.नं. | विवरण | रकम रु | |
| | | यस आ.व. ०७७/०७८ | यस आ.व. ०७८/०७९ |
| १ | ५ कठ्ठा भन्दा मुनिको जग्गाको मालपोत न्यूनतम | ३०.०० | ३० |
| २ | ३० कठ्ठा सम्म प्रति कठ्ठा | ६.०० | ६ |
| ३ | ३० कठ्ठा भन्दा माथि प्रति कठ्ठा | ८.०० | ८ |
| ४ | वडा नं. ७ अठुवा देखी हिलेखोला सम्म राजमार्गको दायावाया १५० मिटर | ५०.०० | ५० |
| ५ | हिलेखोला देखी महेश्वता सम्म २०० मिटर | १००.०० | १०० |
| ६ | वडा नं. ७ महेश्वतावाट वडा नं ६ नयाँवस्ती सम्म राजमार्गको दायावाया ३०० मिटर सम्म मालपोत कर प्रति कठ्ठा | १००.०० | १०० |
| ७ | वडा नं. ४ खयरसाल देखि मरुवा सम्म सडकको दायावाया १५० मिटर, वडा नं. ३ मरुवा खोलादेखी भालुमारा सम्म दायावाया सडकको १५० मिटर सम्म, वडा नं. ५ घागर देखी घाटा सम्म सडकको दायावाया १०० मिटर प्रति कठ्ठा | ५०.०० | ५० |

| अनुसूची - ३ | | | |
|---|---|---|---|
| **वहाल कर** | | | |
| सि.नं. | विवरण | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | घर घनीबाट बहाल रकमको | १० % | १० % |

## अनुसूची - ४

## व्यवसाय कर

| सि.नं. | विवरण | आ.व. ०७७/०७८ | | | आ.व. ०७८/०७९ | | |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता | नविकरण | खारेजी | दर्ता | नविकरण | खारेजी |
| १ | सवै किसिमका व्यवसाय दर्ता, नविकरण तथा खारेजीमा लाग्ने कर | वागमती प्रदेशले तोके वमोजिम | | | वागमती प्रदेशले तोके वमोजिम | | |

| अनुसूची - ५ | | | |
|---|---|---|---|
| **वहाल विटौरी (हाट) कर** | | | |
| सि.नं. | मालसामानको विवरण | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | राँगा काटी बेच्नेसँग प्रति गोटा १ को | ७५० | ७५० |
| २ | खसी काटी बेच्नेसँग प्रतिगोटा | २५० | २५० |
| ३ | सुगुर बंगुर प्रति गोटा | ५०० | ५०० |
| ४ | हाँस्क कुखुराको मासु विक्रि पसल | ५० | ५० |
| ५ | आलु, फरलकोभी, बन्दाकोभी, भान्टा, टमटर, मुला लगायत अन्य तरकारी पसल १ को | २५ | २५ |
| ६ | खुर्सानी, अदुवा, लसुन, वेसार, गुन्द्रुक दोकान १ को | १० | १० |
| ७ | काउली कटहर, रुख कटहर भारी १ को | १० | १० |
| ८ | कोडी, मास, मस्याङ, भटमास, बदाम र केराउ प्रति पसल १ को | १० | १० |
| ९ | मकै, गहुँ, कोदो, चिउरा, चामल, फापर र तोरी प्रति पसल १ को | २० | २० |
| १० | घिउ प्रति किलो | ५ | ५ |
| ११ | छाता, जुत्ता, लाइटर मर्मत दोकान १ को | २० | २० |

| वहाल विटौरी (हाट) कर | | | |
|---|---|---|---|
| सि.नं. | मालसामानको विवरण | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १२ | फलाम र फलामबाट बनेका कृषि र घरेलु सामान पसल, आरण, साध लागाउने दोकान १ को | ५० | ५० |
| १३ | चिराइतो र सिन्कौली तथा कुरीलो भारी १ को | ४० | ४० |
| १४ | बजारमा रोटी पकाई बेच्ने दोकान १ को | २० | २० |
| १५ | बजारमा मिठाई पकाई वेच्ने दोकान १ को | ४० | ४० |
| १६ | लत्ता कपडा पसल १ को | ५० | ५० |
| १७ | किराना पसल १ को | २० | २० |
| १८ | भाडाकुडा पसल १ को | ५० | ५० |
| १९ | औंठी लगायत धातुका गहना पसल १ को | २० | २० |
| २० | चुरा तथा मनिहरा पसल १ को | २० | २० |
| २१ | जुत्ता, चप्पल पसल १ को | २० | २० |
| २२ | बरफ र चटपटे पसल १ को | १५ | १५ |
| २३ | माथि उल्लेख नभएको अन्य किसिमको पसल १ को | २० | २० |

| अनुसूची - ६ | | | | |
|---|---|---|---|---|
| पार्किङ शुल्क | | | | |
| सि.नं. | विवरण | किसिम | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | बसपार्क | बस प्रति दिन | ५० | ५० |
| | | बलेरो प्रति दिन | ४० | ४० |
| | | अटो रिक्सा प्रति दिन | ५ | ५ |
| | | अन्य प्रति दिन | २० | २० |

| अनुसूची - ७ | | | | |
|---|---|---|---|---|
| सडक मर्मत सम्भार शुल्क | | | | |
| सि.नं. | सवारी साधनको किसिम | इकाई | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | ड्रम ट्रक | वार्षिक | | १२००० |
| २ | ट्रक तथा ट्याक्टर | वार्षिक | | ६००० |
| ३ | अटो रिक्सा | वार्षिक | | १२०० |

| अनुसूची - ८ | | | | |
|---|---|---|---|---|
| जडिबुटी जिबजन्तु र कवाडी कर | | | | |
| सि.नं. | मालसामानको विवरण | इकाइ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | कवाडी निकासी | प्रतिकिलो | ५ | २ |

| अनुसूची - ९ | | | | |
|---|---|---|---|---|
| **सेवा शुल्क र दस्तुर** | | | | |
| सि.नं. | विवरण | किसिम | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | उजुरी दर्ता दस्तुर | पटक | १०० | १०० |
| २ | घर खाली गर्ने | पटक | २०० | २०० |
| ३ | नागरिकता सिफारिस | पटक | १५० | १५० |
| ४ | नागरिकता सिफारिस प्रतिलिपि | पटक | १०० | १०० |
| ५ | भारत जाने सिफारिस | पटक | २०० | २०० |
| ६ | अन्य मुलुक जाने सिफारिस | पटक | १००० | १००० |
| ७ | नाम संशोधन सिफारिस | पटक | १०० | १०० |
| ८ | विद्युत जडान सिफारिस | पटक | १०० | १०० |
| ९ | उद्योग दर्ता सिफारिस | पटक | २०० | २०० |
| १० | बासोबास प्रमाणित | पटक | १०० | १०० |
| ११ | जन्ममिति प्रमाणित सिफारिस | पटक | १०० | १०० |
| १२ | नक्सापास नामसारी सिफारिस | पटक | २०० | २०० |
| १३ | विद्युत नामसारी/धारा नामसारी सिफारिस | पटक | १०० | १०० |
| १४ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | पटक | १००० | १००० |
| १५ | कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | पटक | ५०० | ५०० |
| १६ | अंग्रेजी सिफारिस दिनुपर्दा आयश्रोत र अचलसम्पति बाहेकमा | पटक | ५०० | ५०० |
| १७ | छुट्टजग्गा नामसारी /सिफारिश दस्तुर | पटक | २०० | २०० |
| १८ | दलित, जनजाती, जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला, द्धन्द पिडित सिफारिश | पटक | निशुल्क | निशुल्क |
| १९ | चारित्रिक सिफारिश दस्तुर | पटक | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| २० | **प्रमाणपत्रको प्रतिलिपि** | **पटक** | १०० | १०० |
| २१ | **चौहदी प्रमाणित** | **पटक** | २०० | २०० |
| २२ | **जग्गा धनिदर्ता प्रमाण-पूर्जाको प्रतिलिपि सिफारिश दस्तुर** | **पटक** | १०० | १०० |
| २३ | **घरबाटो सिफारिस भोकचलनको आधारमा (व्यवसायकको हकमा)** | **पटक** | **मूल्याङ्कनको ०.२ प्रतिशत** | **मूल्याङ्कनको ०.२ प्रतिशत** |
| २४ | **घरबाटो सिफारिस भोकचलनको आधारमा (अंशवण्डा हकमा)** | **पटक** | **मूल्याङ्कनको ०.०५ प्रतिशत** | **मूल्याङ्कनको ०.०५ प्रतिशत** |
| २५ | **घरबाटो सिफारिस नक्सा पास प्रयोजनको लागि र ऋण लिने कार्यको लागि** | **पटक** | ६०० | ६०० |
| २६ | **नाता प्रमाणित (भुकम्पको हकमा)** | **पटक** | १०० | १०० |
| २७ | **नाता प्रमाणित (अन्यको हकमा)** | **पटक** | ६०० | ६०० |
| २८ | **बैवाहित अंगिकृत नागरिकता सिफारिस** | **पटक** | ७०० | ७०० |
| २९ | **अन्य सिफारिश दिनुपरेमा** | **पटक** | २०० | २०० |
| ३० | **ब्यापार ब्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुदैं नभएको सिफारिस** | **पटक** | ५०० | ५०० |
| ३१ | गाउँपालिकाको दररेट प्रतिलिपि उतार दस्तुर | **गोटा** | ५०० | ५०० |
| ३२ | पान दर्ता सिफारिस | **गोटा** | १०० | १०० |
| ३३ | परिवार कायम सिफारिस | **गोटा** | २०० | २०० |
| ३४ | अपुताली सिफारिस | **गोटा** | २०० | २०० |
| ३५ | स्वदेशी पेन्सन पट्टाको सिफारिस | **गोटा** | ५०० | ५०० |
| ३६ | विदेशी पेन्सन पट्टाको सिफारिस | **गोटा** | १००० | १००० |
| ३७ | मोहि लगत कट्टा सिफारिस | **गोटा** | ३०० | ३०० |
| ३८ | अपाङ्ग विद्यार्थी सिफारीस | **गोटा** | निशुल्क | निशुल्क |

| **संघ संस्था दर्ता, नविकरण र खारेजी** | | | | |
|---|---|---|---|---|
| १ | **सामाजिक, साहित्यीक, शैक्षिक र बौद्धिक** | **दर्ता** | ५०० | ५०० |
| | | **नविकरण** | ३०० | ३०० |
| | | **खारेजी** | ५०० | ५०० |
| २ | **धार्मिक, सांस्कृतिक, परोपकारी** | **दर्ता** | ५०० | ५०० |
| | | **नविकरण** | ३०० | ३०० |
| | | **खारेजी** | ५०० | ५०० |
| ३ | गाउँपालिका पार्श्वचित्र प्रति पुस्तक थान | **गोटा** | ३०० | ३०० |
| ४ | निश्चित स्थानको कोष प्रमाणित शुल्क | **गोटा** | २०० | २०० |
| ५ | कार्यपालिकाले वा गाउँसभाले पारित गरेको ऐन, कानुन, कार्यविधि विनियम प्रति पृष्ठ | **पाना** | ५ | ५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | नाम, थर संशोधन, नाबालक सिफारिस | गोटा | १०० | १०० |
| ७ | हल भाडा दैनिक | पटक | १००० | १००० |
| ८ | प्रोजेक्टर भाडा | पटक | १००० | १००० |
| ९ | फिल्म सुटिङ ठुलो पर्दा | प्रतिदिन | १००० | १००० |
| १० | म्युजिक भिडियो | प्रतिदिन | ५०० | ५०० |
| ११ | टेलिसिरियल | प्रतिदिन | ५०० | ५०० |
| | | | | |

| **अन्य विविध आय** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | किसिम | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | निवेदन दस्तुर | गोटा | निशुल्क | निशुल्क |
| २ | प्रतिलिपि प्रमाणित | पटक | १० | १० |
| ३ | नक्सापास निवेदन फाराम विक्री | गोटा | ५०० | ५०० |
| ४ | गाउब्लक जग्गा नामसारी प्रतिफुट | पटक | ५० | ५० |
| ५ | टेण्डर फाराम/दरभाउ पत्र विक्री | गोटा | नियमानुसार | नियमानुसार |
| ६ | सर्जमिन मुचुल्का (नागरिकता बाहेक) जुनसुकैमा | पटक | २००।- | २००।- |
| ७ | कन्सुलर प्रमाणित शुल्क | पटक | १००।- | १००।- |

| आयश्रोत प्रमाणित | | | | |
|---|---|---|---|---|
| १ | २ लाख सम्मको लागि | पटक | २५० | २५० |
| २ | २ लाख १ देखि १० लाख सम्मको लागि | पटक | १०५० | १०५० |
| ३ | १० लाख १ देखि २० लाख सम्मको लागि | पटक | १५५० | १५५० |
| ४ | २० लाख १ देखि ५० लाख सम्मको लागि | पटक | २५०० | २५०० |
| ५ | ५० लाख १ देखि १ करोड सम्मको लागि | पटक | ४०५० | ४०५० |
| ६ | १ करोड भन्दा माथीको लागि | पटक | ७५५० | ७५५० |
| ७ | अचल सम्पती मूल्याङ्कन | पटक | प्रति हजार रु १.५ | प्रति हजार रु १.५ |

| **दर्ता तथा नविकरण (व्यक्तिगत घटना दर्ता दस्तुर)** | | | | |
|---|---|---|---|---|
| १ | ३५ दिन भित्रको घटना दर्तामा | | निःशुल्क | निःशुल्क |
| २ | ३५ दिन पछिको घटना दर्तामा | | २०० | २०० |
| ३ | घटना दर्ता प्रतिलिपी | | ५०० | ५०० |

| नक्सापास दस्तुर (आवासीय भवन) | | | | |
|---|---|---|---|---|
| सि.नं. | भवनको प्रकार | तल्ला | प्रति वर्ग फिट<br>गत आ.व. ०७७/०७८ | प्रति वर्ग फिट<br>यस आ.व. ०७८/०७९ |
| १ | आर.सि.सि. पिल्लर भएको | वेसमेन्ट तल्ला | २।- | २।- |
| | | भुईं तल्ला | ३।- | ३।- |
| | | पहिलो तल्ला | ४।- | ४।- |
| | | दोस्रो तल्ला | ५।- | ५।- |
| | | तेस्रो तल्ला र सो भन्दा माथि | ६।- | ६।- |
| २ | ढुङ्गा वा इट्टा वा ब्लक सिमेन्ट बालुवाको गाह्रो, आर.सि.सि.को छानो भएको | भुईं तल्ला | २।- | २।- |
| | | पहिलो तल्ला | ३।- | ३।- |
| | | दोस्रो तल्ला | ४।- | ४।- |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा ब्लकको गाह्रो, जस्ता वा टायलको छाना भएको | भुईं तल्ला | १।- | १।- |
| | | पहिलो तल्ला | २।- | २।- |
| ४ | पटाहाको घेरावेरा लगाएतका कच्ची भवन | भुईं तल्ला | ०.५० | ०.५० |
| | | पहिलो तल्ला | १।- | १।- |
| **नक्सापास दस्तुर (न्यापारिक भवन)** | | | | |
| १ | आर.सि.सि. पिल्लर भएको | वेसमेन्ट तल्ला | २।- | २।- |
| | | भुईं तल्ला | ३।- | ३।- |
| | | पहिलो तल्ला | ४।- | ४।- |
| | | दोस्रो तल्ला | ५।- | ५।- |
| | | तेस्रो तल्ला र सो भन्दा माथि | ६।- | ६।- |
| २ | ढुङ्गा वा इट्टा वा ब्लक सिमेन्ट बालुवाको गाह्रो, आर.सि.सि.को छानो भएको | भुईं तल्ला | २।- | २।- |
| | | पहिलो तल्ला | ३।- | ३।- |
| | | दोस्रो तल्ला | ४।- | ४।- |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा ब्लकको गाह्रो, जस्ता वा टायलको छाना भएको | भुईं तल्ला | १।- | १।- |
| | | पहिलो तल्ला | २।- | २।- |

| कम्पाउण्डको प्रकार | | | |
|---|---|---|---|
| १ | सिमेन्टको जोडाइको कम्पाउण्डवाल | १।- | १।- |
| २ | माटोको जोडाइको कम्पाउण्डवाल | ०.५०।- | ०.५०।- |
| ३ | तारवारको कम्पाउण्डवाल | ०.२५।- | ०.२५।- |

**दण्ड जरिवाना (भवन नयाँ निर्माण)**

| सि.नं. | विवरण | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
|---|---|---|---|
| | | नक्सापास दस्तुरको | नक्सापास दस्तुरको |
| १ | जगको कार्य सम्पन्न | २५% | २५% |
| २ | डि.पि.सि. को कार्य सम्पन्न | ३५% | ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | ५०% | ५०% |
| ४ | ढलको कार्य सम्पन्न | ७५% | ७५% |
| ५ | निर्माण कार्य सम्पन्नको | १००% | १००% |
| उल्लेखित जरिवाना निर्माण भएको तल्लाको अधारमा लिइनेछ । | | | |

**दण्ड जरिवाना (भवन तल्ला थपमा)**

| सि.नं. | विवरण | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
|---|---|---|---|
| | | नक्सापास दस्तुरको | नक्सापास दस्तुरको |
| १ | ढलको कार्य सम्पन्न | ७५% | ७५% |
| २ | निर्माण कार्य सम्पन्न | १००% | १००% |
| उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ । | | | |

| विद्यालय अनुमति/स्वीकृती/ स्तरवृद्धि शुल्क | | | | |
|---|---|---|---|---|
| **सामुदायीक विद्यालय** | | | | |
| सि.नं. | विवरण | किसिम | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
| १ | आधारभूत तह | बार्षिक | १००० | १००० |
| २ | माध्यामिक तह | बार्षिक | ३००० | ३००० |
| **संस्थागत विद्यालय तर्फ** | | | | |
| १ | आधारभूत तह | बार्षिक | ३००० | ३००० |
| २ | माध्यामिक तह | बार्षिक | ५००० | ५००० |
| **अमिन दस्तुर** | | | | |
| १ | १ कठ्ठा सम्म प्रति कित्ता | पटक | १००० | १००० |
| २ | १ कठ्ठा देखि ५ कठ्ठा सम्म प्रति कित्ता | पटक | २००० | २००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | **५ कठ्ठा देखि १० कठ्ठा सम्म प्रति कित्ता** | **पटक** | **३०००** | **३०००** |
| ४ | **१० कठ्ठा देखि १ बिगाहा सम्म प्रति कित्ता** | **पटक** | **४०००** | **४०००** |
| ५ | **१ बिगाहा भन्दा माथि थप प्रति बिगाहा प्रति कित्ता** | **पटक** | **५०००** | **५०००** |

| **सुचिकृत दस्तुर** | | | | |
|---|---|---|---|---|
| १ | निर्माण व्यवसायी/सेवा प्रदायक संस्था/कन्टल्टेन्सी/सप्लायर्स/फर्म | **बार्षिक** | २०० | २०० |
| २ | संघ संस्था | **बार्षिक** | १०० | १०० |

| **सेवा शुल्क** | | | | |
|---|---|---|---|---|
| १ | **फोहोर मैला व्यवस्थापन** | **मासिक प्रत्येक घर** | २० | २० |
| २ | **सडक बत्ति** | **मासिक प्रत्येक घर** | निशुल्क | निशुल्क |
| ३ | **सौचालय** | **पिसाव फेरेको** | ५ | ५ |
| | | **दिसा गरेको** | १० | १० |
| | | **नुहाएको** | ५० | ५० |
| ४ | **पशु बधशाला** | **बार्षिक** | २०००० | २०००० |
| ५ | **कृषि उत्पादन संकलन केन्द्र** | **बार्षिक** | १०००० | १०००० |